**नेपाल सरकार**
**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**
**केन्द्रीय बालकल्याण समिति**




# बालबालिका सम्बन्धी ऐन, २०४८ र नियमावली, २०५१ अनुसार बालकल्याण अधिकारीले गर्नुपर्ने केही प्रमुख कार्यहरु

**(नेपाल सरकारले महिला तथा बालबालिका कार्यालयका प्रमुखलाई बालकल्याण अधिकारी तोकेको छ)**

**संक्षेपमा,**

१. असहाय तथा अनाथ बालबालिकाको पालन पोषण, संरक्षण तथा हेरचाहको व्यवस्था मिलाउने, संरक्षक नियुक्ति गर्ने।
२. बालबालिकाको हकहितको संरक्षण तथा बालकल्याण सम्बन्धी जिल्लास्तरीय योजना तथा कार्यक्रम तर्जुमा गरी जिल्ला बालकल्याण समितिमा पेश गर्ने ।
३. बालकल्याण गृह, बाल सुधार गृह, अनाथालय, आदिको निरीक्षण गर्ने ।
४. जिल्ला बालकल्याण समितिको सचिव भई काम गर्ने, समितिको कार्य सञ्चालनको निमित्त आवश्यक स्रोतको खोजी गर्ने र प्राप्त स्रोतहरुको परिचालन गर्ने, समितिको वित्तीय कारोबारको लेखा ठीकसंग राख्न लगाउने ।
५. जिल्लामा बालबालिका संग सम्बन्धित तथ्याङ्क सङ्कलन गरी त्यसको अद्यावधिक अभिलेख राख्ने र त्यसको एक प्रति केन्द्रीय बालकल्याण समितिमा पठाउने तथा वार्षिक प्रतिवेदन प्रकाशित गर्ने, तथ्याङ्क सङ्कलनका आधारमा समाजमा रहेका बालबालिका विरुद्धका कुप्रथा हटाउन समन्वय, सहकार्य गर्ने ।

## बालबालिका सम्बन्धी ऐन, २०४८ बाल कल्याण अधिकारीलाई तोकिएको केही प्रमुख जिम्मेवारी

१. **एकाघरका कोही नहुने बालबालिकाको हेरचाह र निजको सम्पत्तिको संरक्षणको व्यवस्था मिलाउने**(दफा २१) :– कुनै बालबालिकाको हेरचाह गर्न एकाघरका कोही नातेदार नभएको कुराको जानकारी बाल कल्याण अधिकारीलाई प्राप्त हुन आएमा निजले त्यस्तो बालकको पालन पोषणको सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु पर्छ ।
२. **संरक्षक नियुक्त गर्ने** (दफा २२) :– बाबु, आमा वा एकाघरका उमेर पुगेका कोही नातेदार जीवित नरहेको वा जीवित भएपनि शारीरिक वा मानसिक अशक्तताको कारणले बालबालिकाको पालन पोषण तथा रेखदेख गर्न नसक्ने भएमा त्यस्ता बालबालिकाको संरक्षणको निमित्त कुनै व्यक्तिलाई संरक्षक नियुक्ति गर्ने ।
३. बाल कल्याण अधिकारीले **जिल्ला बाल कल्याण समितिको सामान्य नियन्त्रण तथा निर्देशन**को अधीनमा रही काम गर्नु पर्ने (दफा २२ को उपदफा (२) )।
४. **बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय आदिको निरीक्षण** (दफा ४४ को उपदफा (२)) :– बाल कल्याण अधिकारीले आफ्नो क्षेत्र भित्रको बाल कल्याण गृह, बाल सुधार गृह, अनाथालय वा केन्द्रहरुको वर्षमा कम्तीमा दुई पटक निरीक्षण गरी त्यसको प्रतिवेदन जिल्ला बाल कल्याण समितिमा पठाउनु पर्छ ।

## बालबालिका सम्बन्धी नियमावली, २०५१ नियम १३ मा बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार

(क) बालबालिकाको हक हितको संरक्षण तथा बाल कल्याण सम्बन्धी जिल्लास्तरीय योजना तथा कार्यक्रम तर्जुमा गर्न जिल्ला बाल कल्याण समितिलाई सहयोग गर्ने ।
(ख) जिल्ला बाल कल्याण समितिको निर्णय एवम् निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।
(ग) जिल्ला बाल कल्याण समितिको स्वीकृत कार्यक्रमको आन्तरिक मूल्याङ्कन गराउने र त्यसको प्रगति विवरणहरु जिल्ला बाल कल्याण समितिको बैठकमा पेश गर्ने ।
(घ) जिल्ला बाल कल्याण समितिको कार्य सञ्चालनको निमित्त आवश्यक स्रोतको खोजी गर्ने र प्राप्त स्रोतहरुको परिचालनगर्ने ।
(ङ) जिल्ला बाल कल्याण समितिको वित्तीय कारोवारको लेखा ठीकसँग राख्न लगाउने ।
(च) जिल्ला बाल कल्याण समितिको सचिव भई काम गर्ने ।
(छ) जिल्ला बाल कल्याण समितिबाट प्रत्यायोजित एवम् निर्देशित अन्य काम गर्ने, गराउने ।

**बालसंरक्षणसंग सम्बन्धित घटनाहरुको व्यवस्थापनका लागि**
**बालकल्याण अधिकारी तथा महिला तथा बालबालिका कार्यालयको भूमिका**

बालबालिका सम्बन्धी ऐन, २०४८ को (दफा ३३.२) उपदफा (१) बमोजिम नियुक्त भएको वा तोकिएको बालकल्याण अधिकारीले जिल्ला बालकल्याण समितिको समन्वय र सहयोगमा जिल्लामा बालबालिकाको हकअधिकारसम्बन्धी दीर्घकालीन नीति तर्जुमा तथा कार्यान्वयन, जिल्लास्तरमा बालगृहको अनुगमन, निरीक्षण, विकासका साझेदार संस्थाहरुसँग र गैरसरकारी संस्थासँगको समन्वय र सहकार्य आदि कार्यहरु गर्नुपर्ने हुन्छ ।विशेषगरी कठिन वा जोखिम अवस्थामा रहेका र विशेष हेरचाह एवम् संरक्षण आवश्यक भएका बालबालिकासम्बन्धी तथ्यांक संकलन, प्राथमिकीकरण, सहयोग आवश्यक परेका बालबालिकालाई राहत/सहयोग र स्थानीयस्तरमा सरोकारवाला र कर्ताहरुबीच समन्वय र सहकार्यमार्फत् उनीहरुको व्यवस्थापन गर्ने र सोसम्बन्धी विवरण यथास्थितिमा राखी अद्यावधिक गर्ने कार्यलाई महत्वकासाथ हेरिने गरेको छ ।
यसै सन्दर्भमा बालसंरक्षणसंग सम्बन्धित घटनाहरुको उचित व्यवस्थापनमा बालकल्याण अधिकारीको प्रमुख कार्य समग्र प्रक्रियाको नेतृत्व लिनुका साथै निर्णय प्रक्रियामा जिम्मेवार बन्नु हो । घटना प्रबन्ध तथा सेवाको लागि सिफारिस प्रक्रियाको प्रमाणीकरण गर्ने जिम्मेवारी पनि बालकल्याण अधिकारीको हुन्छ । यसका साथै देहायका कार्यहरु बालकल्याण अधिकारीको प्रत्यक्ष संलग्नता तथा सुपरिवेक्षणमा बालबालिकासम्बन्धी काम गर्ने तोकेको व्यक्ति मार्फत् सम्पन्न गर्नुपर्ने हुन्छ ।

- बालबालिकाको घटना व्यवस्थापनका सन्दर्भमा महिला तथा बालबालिका कार्यालय अन्तर्गत बालबालिकाको काम गर्नेगरी तोकेको व्यक्तिले सबै प्रक्रियाको सहजीकरण तथा समन्वयको भूमिका निर्वाह गर्नु पर्दछ । यसअर्न्तगत उजुरी भएका घटनाको दर्ता, प्राथमिक सेवा-प्रदायकहरूलाई घटना सिफारिस, सरकारी सेवाको पहुँचको लागि सहजीकरण, घटना व्यवस्थापन प्रक्रियाका मुख्य चरणहरूमा निर्णय (विशेषत: बालबालिकाको स्थान्तरण सम्बन्धमा), घटनाको अभिलेखीकरण, बालबालिकाको व्यक्तिगत घटना फाइल खडा गर्न, घटना व्यवस्थापन प्रक्रियामा भएका कागजात तथा निर्णय प्रतिहरू प्रत्येक बालबालिकाको घटना फाइलमा अद्यावधिक गर्नुजस्ता कार्यहरू पर्दछन् ।
- समग्र घटना व्यवस्थापन प्रक्रियाको नेतृत्व गर्नु ।
- जिल्ला बालकल्याण समिति/बालकल्याण अधिकारी र महिला तथा बालबालिका कार्यालयले सामाजिक कार्यकर्ता, बालसंरक्षण समिति, श्रम कार्यालय, बाल हेल्पलाइन, महिला संस्था/समिति, बालक्लब, युवा क्लब, बालबालिका खोजतलास समन्वय केन्द्र, गैसस, प्रहरी वा अन्यबाट बालसंरक्षणसंग सम्बन्धित घटना/सूचना प्राप्त गर्नु, सो सूचना सहजै आउनसक्ने व्यवस्थाका साथै सूचनालाई व्यवस्थित रुपमा अभिलेखीकरण गर्ने प्रबन्ध मिलाउनु ।
- आवश्यकतानुसार रिपोर्टिङ्ग गर्ने निकाय वा व्यक्ति तथा संस्थाबाट थप जानकारी संकलन गर्नु ।
- घटनाको प्रकृति/आवश्यकता हेरी महिला तथा बालबालिका कार्यालयको बालबालिकाको काम गर्ने जिम्मेवारी तोकिएका व्यक्तिको सिफारिस समेतको आधारमा प्राथमिक सेवा प्रदायकको छनौट, सम्पर्क तथा घटना व्यवस्थापनका लागि सिफारिस र प्राथमिक सेवा प्रदायकको कामको निरीक्षण र अनुगमन गर्नु ।
- बालकल्याण अधिकारीले प्राथमिक सेवा प्रदायकको प्रतिवेदन तथा सिफारिसको आधारमा घटना व्यवस्थापनका चरणहरु (जस्तैः स्याहार योजना, आवधिक समीक्षा, घटना समापन आदि) मा सहयोग, सुपरिवेक्षण, निर्णय तथा प्रमाणीकरण गर्नु ।
- सेवा तथा सेवा प्रदायक संस्थाहरुको नक्सांकन गर्ने र स्थापित मापदण्डको आधारमा एक वा एक भन्दा बढी सेवा प्रदायकको छनौट गरी निर्धारित भूमिकामा निरन्तर क्रियाशिल गराउनु ।
- घटनाको पहिचान तथा पूर्व लेखाजोखा चरणमा बालबालिकाको पहिचान, प्राथमिक सेवा प्रदायकको छनौट तथा सम्झौता, घटनाहरुको प्राथमिकीकरण गर्नु ।
- बालबालिकाको सुरक्षा र सेवाहरु समयमै प्रदान भएको सुनिश्चित गर्न तथा बालबालिकाको आवश्यकता पूरा भए/नभएको समीक्षा गरी स्यााहार योजना परिमार्जन वा समापन गर्न नियमित अनुगमन तथा समीक्षा गर्नु ।
- समन्वय बैठक नियमित रुपमा बोलाउनु ।
- स्थानीय सरोकारवालाको क्षमता अभिवृद्धि गर्नु ।
- घटनाको उचित सम्बोधन भएको सुनिश्चित गर्नु ।
- घटनाको अभिलेखीकरण र संग्रह गर्नु ।

